फोन नं. ०६८-४२११००, ४२११०१
इमेल:jaiminimun@gmail.com
वेभसाइट:jaiminimun.gov.np


# जैमिनी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

कुश्मीसेरा, बाग्लुङ।

गण्डकी प्रदेश, नेपाल

# सुचना !!! सुचना !!! सुचना !!!

## कृषकसँग नगरपालिका कार्यक्रम संचालनका लागि प्रस्ताव पेश सम्बन्धी सुचना ।

**(प्रथम पटक प्रकाशित मिति २०७९/०९/१३)**

जैमिनी नगरपालिका पशु शाखाद्धारा आ.व. २०७९/०८० को नगरविकाश योजना तर्फ बार्षिक स्वीकृत कार्यक्रम अनुसार **कृषकसंग नगरपालिका कार्यक्रम अन्तर्गत तपशिल** कार्यक्रम कृषि तथा पशु सेवा कार्यक्रम संचालन कार्यविधि २०७९ अनुसार संचालन गर्नका लागि मिति २०७९/०९/१३ देखि २०७९/०९/२७ गते भित्र आवश्यक कागजात सहित कृषक/कृषक समुह/व्यवसायिक फर्म/समिति/कृषक सहकारी संस्थाको तर्फबाट दरखास्त आह्वानका लागि यो सुचना प्रकाशित गरिएको छ । यो सुचना प्रथम पटक प्रकाशन भएको मितिले तपशिलका कागजात सहित बढिमा १५ दिन भित्र तोकिएको ढाँचा अनुसारको आवेदन सम्वन्धित वडा कार्यालय तथा पशु शाखा कार्यालयमा रितपुर्वक पेश गर्नुहुन अनुरोध छ ।

तपसिल

| क.स | कार्यक्रम विवरण | विनियोजित बजेट रु. | मापदण्ड | अनुदान प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| १. | बाखा खोर निर्माण अनुदान कार्यक्रम | २५०,००० ।- | यो कार्यक्रममा सहभागि हुने कृषकले कम्तिमा १० वटा व्यवसायिक रुपमा बाखापालन गरेको हुनुपर्ने छ । | अधिकतम ५० प्रतिशत सम्म | लाभग्राही संख्या १० जना |
| २. | बंगुर खोर निर्माण अनुदान कार्यक्रम | ४५०,००० ।- | यो कार्यक्रममा सहभागि हुने कृषकले व्यावशायीक रुपमा कम्तिमा ५ वटा भन्दा बढि माउ बंगुर पालन गरेको हुनुपर्ने छ । | अधिकतम ५० प्रतिशत सम्म | लाभग्राही संख्या ९ जना |
| ३ | वर्णशंकर उन्नत जातका गाई/भैंसी पालन कार्यक्रम | ५,००,००० ।- | उन्नत/ वर्णशंकर जातका कम्तीमा ५ वटा दुधालु वा ब्याउने गाई/भैंसी हुनुपर्ने । यो कार्यक्रममा सहभागी हुने लाभग्राहीले कम्तीमा २ वटा उन्नत/वर्णशंकर जातको दुधालु गाई/भैंसी थप खरिद गर्नु पर्ने छ । | अधिकतम ५० प्रतिशत सम्म | लाभग्राही संख्या ५ जना |
| ४ | स्थानिय भैंसी पालन कार्यक्रम | ५,००,००० ।- | कम्तीमा ३ वटा स्थानिय भैंसी पालेको हुनुपर्ने । यो कार्यक्रममा सहभागी हुने लाभग्राहीले कम्तीमा १ वटा स्थानिय भैंसी थप खरिद गर्नु पर्ने छ । | | लाभग्राही संख्या १० जना |

**आवश्यक कागजातहरु :**

जैमिनी नगरपालिका

जैमिनी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
कुश्मीसेरा, बाग्लुङ।
गण्डकी प्रदेश, नेपाल

फोन नं. ०६८-४२११००, ४२११०१
इमेल:jaiminimun@gmail.com
वेभसाइट:jaiminimun.gov.np

१. अनुसूची २ बमोजिमको आवेदन फारम ।
२. अनुसूची ३ बमोजिमको प्रस्ताव फारम ।
३. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी ।
४. स्थानिय तह वा सम्बन्धित निकायमा दर्ता भएको दर्ता प्रमाणपत्रको प्रतिलिपी(नविकरण सहित)
५. भ्याट/प्यान दर्ता प्रमाण पत्रको प्रतिलिपी र कर चुक्ता प्रमणपत्र ।
६. सम्बन्धित वडाको सिफारिस ।
७. अन्य प्रमाणित प्रमाण पत्रहरु( तालिम ,शैक्षिक योग्यता, अनुभव, जग्गा भाडामा भए सम्झौता पत्र, जग्गा धनिको नागरिकतार जग्गा धनि लालपूर्जाको प्रतिलिपी)
८. अनुसूची ८ बमोजिमको प्रतिबद्वता पत्र ।

नोट : कृषि तथा पशु सेवा कार्यक्रम संचालन कार्यविधि २०७९ जैमिनी नगरपालिकाको वेवसाइटमा हेर्न सकिनेछ । थप जानकारीको लागि सम्बन्धित वडा कार्यालय तथा कृषि तथा पशु शाखा कार्यालयमा सम्पर्क गर्न अनुरोध गरिन्छ ।

चेतनाथ गिरी
प्रमुख प्रशासकीय अधिकृत

जैमिनी नगरपालिका